

# ५ येशूको निम्ति पवित्र आत्माले शक्तिसम्पन्न गर्नुभएको गवाही

<u>*यस अध्यायका मूल पदहरू*</u>: यूहन्ना १५:२६,२७, प्रेरित २:४१,४२, प्रेरित ८:४, हिब्रू ४:१२, प्रेरित १७:३३,३४ र प्रेरित १८:८।

<u>*यस अध्यायको मूल सार पद*</u>: **"जब तिनीहरू एक ठाउँमा जम्मा भएर प्रार्थना गर्दै थिए तब त्यो ठाउँ हल्लियो। तिनीहरू पवित्र आत्माले भरिपूर्ण भए र साहसका साथ तिनीहरू परमेश्वरको वचन बोल्न थाले" (प्रेरित ४:३१ रूपान्तरित)।**

जुनबेला येशूले "सारा संसारमा जाऊ र सुसमाचार सुनाऊ" (मर्कूस १६:१५ रूपान्तरित) भनेर येशूले सुरूका विश्वासीहरूलाई आदेश दिनुभयो त्यसबेला उक्त आदेशको पालना गर्न मानवीय हिसाबले असम्भव जस्तै थियो। त्यति ठूलो चुनौति तिनीहरूले कसरी पूरा गर्न सक्थे र? हजारौं यहूदी जमात वा तत्कालीन विश्वको अनुमानित जनसंख्या २०-३० करोड (खोजअनुसुन्धान अनुसार)को बीचमा जानका लागि येशूका भक्तहरूको संख्या अत्यन्तै थोरै थियो भने पनि हुन्छ। तिनीहरूको स्रोत साधन पनि सिमित थियो। प्रायजसो तिनीहरू निरक्षर, मामूली वा सामान्य र तत्कालीन धार्मिक, राजनैतिक र सामाजिक प्रतिष्ठाको सामु तिनीहरू केही नभए जस्तै देखिन्थे। तर तिनीहरूको परमेश्वर असाधारण परमेश्वर हुनुहुन्थ्यो जसले तिनीहरूलाई शक्तिसम्पन्न गराएर विशेष लक्ष्यको निम्ति खटाउनुभएको थियो।

येशूले ठोकुवा गरेर यो घोषणा गर्नु भएको थियो "जब पवित्र आत्मा तिमीहरूमाथि आउँनुहुनेछ तब तिमीहरूले शक्ति पाउनेछौ, अनि तिमीहरू यरुशलेम, सबै यहूदिया र सामरीया र पृथ्वीको कुनाकाप्चासम्म मेरो गवाहि दिनेहरू हुनेछौ " (प्रेरित १:८ रूपान्तरित)। येशूका भक्तहरूलाई पवित्र

आत्माले शक्तिसम्पन्न गराउँदा तिनीहरूको परिवर्तित जीवनले क्रुसको सन्देश संसारलाई नै परिवर्तन गर्न सक्ने गरी शक्ति पाउनेछौ भनेर वचन दिइएको थियो। तिनीहरूको गवाही पवित्र आत्माले नै प्रभावकारी बनाउनुभएको थियो। थोरै दशकहरूमा नै सारा संसारमा सुसमाचारको प्रभाव परिसकेको थियो। सुरूका विश्वासीहरूको बारेमा प्रेरितको पुस्तकले यसरी घोषणा गरेको थियो "तिनीहरूले त सारा संसारलाई नै उथलपुथल गरे" (प्रेरित १७:६ रूपान्तरित)। यसमा प्रेरित पावल यसरी थप्दछन् "स्वर्गको मुनी रहेको प्रत्येक प्राणीलाई" सुसमाचार प्रचार गरिएको थियो (कलस्सी १:२३ रूपान्तरित)। येशू ख्रीष्टको निम्ति गवाही बन्न पवित्र आत्माको विशेष भूमिका के रहनेछ भन्ने विषयमा हामी यस अध्यायमा हेर्नेछौं।

## १. येशू र पवित्र आत्मा खनिनु हुनेछ भनेर गरिएको प्रतिज्ञा

जबकि येशूले तिनीहरूलाई छोडेर स्वर्गमा फर्किने कुरा गर्नुहुदा तिनीहरू चिन्तित भएका थिए। तर तिनीहरूमाथि पवित्र आत्मा आउने प्रतिज्ञा दिँदै भन्नुभयो, "तिमीहरूकै हितको निम्ति म स्वर्ग फर्कदैछु। यदि म गइँन भने तिमीहरूको माझमा सहयोगी आउनुहुनेछैन। जब म तिमीहरूलाई छोडेर जानेछु तब उहाँलाई म तिमीहरूकहाँ पठाउनेछु" (यूहन्ना १६:७ रूपान्तरित)। "सहयोगी" भन्ने ग्रीक शब्दको पाराक्लेटोस् (*parakletos.* ) हो। यसको अर्थ "सहयोग गर्ने उद्देश्यले सँगसँगै आउनु" भन्ने हुन्छ। पवित्र आत्माको धेरै कामहरूमध्ये एउटा मुख्य कामचाहीं विश्वासीहरूसँगै रहेर सुमाचार सुनाउन अगुवाइ गर्नु र गवाही दिने कार्यमा विश्वासीहरूलाई शक्तिसम्पन्न गराउनु हो। यसको अर्थ जब हामी कसैलाई येशूको बारेमा सुनाउँछौं वा गवाही दिन्छौं त्यसवेला हामी त्यहाँ एक्लै हुदैनौं भन्ने कुरा हामीले महसुस गर्नु आवश्यक छ। जुन मानिसले भित्री हृदयदेखि इमान्दार भएर परमेश्वरको सत्य ज्ञानको निम्ति वा सुसमाचारको निम्ति खोजीनीति गर्दछ त्यसवेला मेरो साथमा पवित्र आत्मा पनि हुनुहुन्छ भनेर बुझ्नुपर्छ। कुनै पनि मानिसलाई हामीले भेट्नुभन्दा अघि सुसमाचार सुन्नका लागि उसलाई पवित्र आत्माले नै तयार पारिरहनु भएको हुन्छ। हामीले बोल्ने बोलीवचनमा उहाँले नै अगुवाइ गर्नुहुन्छ र सुन्ने मानिसको दिमागमा पनि परमेश्वरको खाचोलाई देखाइरहनु भएको हुन्छ र जब

उहाँको वचनप्रति ऊ प्रेरित हुन्छ तब उसलाई उहाँ अर्थात् पवित्र आत्माले नै साहस दिनुहुनेछ।

देहायका केही पदहरूले हाम्रो गवाहीमा पवित्र आत्माको भूमिका कस्तो हुन्छ भन्ने कुरालाई देखाइएको छ । हेर्नुहोस् , यूहन्ना १५:२६,२७ "२६ जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ। २७ तिमीहरू सुरुदेखि नै मेरो साथ रहेका हुनाले, तिमीहरू पनि मेरा साक्षी हौ।" र यूहन्ना १६:५-१५ "५ अब म मलाई पठाउनुहुनेकहाँ गइरहेछु, तर 'तपाईं कहाँ जाँदैहुनुहुन्छ? भनी तिमीहरू कसैले मलाई सोध्दैनौ। ६ तापनि मैले तिमीहरूलाई यी कुरा भनेको कारण तिमीहरूको हृदय शोकले भरिएको छ। ७ तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु। ८ अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ। ९ पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्, १० धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरि देख्नेछैनौ। ११ र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ। १२ मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ। १३ जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। १४ उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। १५ जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।"

येशूको गवाही दिन वा उहाँको बारेमा सिकाउने वा जानकारी दिने काम पवित्र आत्माले नै गर्नुहुन्छ। पवित्र आत्माको लक्ष्य नै येशूको महिमा गर्नु हो। सकेसम्म धेरैजनालाई येशूतिर डोऱ्याउने लक्ष्य उहाँको हो। प्रत्येक विश्वासी येशूको गवाही दिन जिम्मेवार बन्नुपर्छ भनेर विश्वस्त पार्ने काम पवित्र

आत्माको हो। हाम्रो सम्पर्कमा आएका सबै मानिसहरूले सुसमाचार सुन्न आवश्यक छ भन्ने महसुस गराउने र हाम्रो आँखा खोल्ने काम उहाँकै हो। जब हामी सुमाचार सुनाउँछौं तब सुन्ने व्यक्तिमा सुसमाचार सुन्ने चाहनाको सृजना गर्ने काम पवित्र आत्माले पृष्ठभूमिमा रहेर गरिरहनु भएको हुन्छ।

"संसार पापमा छ भनेर पत्यार गर्न" (यूहन्ना १६:८ रूपान्तरित) पवित्र आत्माले काम गर्नुहुन्छ भनेर यूहन्नाको सुमाचारले स्पष्टरूपमा भन्दछ। आफू परमेश्वरबाट टाढा भएको कुरालाई हृदयदेखि नै महसुस गराउन र पश्चाताप गरेर सही बाटोमा हिंड्ने अठोट प्रदान गर्न पवित्र आत्माले नै मानिसहरूका हृदयहरू घचघाइरहनु हुन्छ। "धार्मिकता" वा सत्य र असल जीवन यापन गर्नुपर्छ भनेर प्रत्येक मानिसको चेतनामा उहाँले बोलिरहनुभएको हुन्छ। पवित्र आत्माले मानिसको पापमात्र देखाउने होइन तर कसरी सत्य धार्मिक वा असल जीवन बिताउनु सकिन्छ भनेर पनि उहाँ सिकाउनुहुन्छ। हाम्रो आफ्नै प्रदुषित र पापी चरित्र बिपरीत येशूको स्वच्छ, नैतिकवान्, असल र धार्मिक चरित्रको महानतालाई पवित्र आत्माले हाम्रो सामु प्रकट गर्नुहुन्छ। हामी कस्ता छौं भनेर मात्र देखाउने काम पवित्र आत्माको होइन तर हामी कति असल, दयालु, कृपालु र करुणामयी हुनुपर्छ भनेर पनि उहाँ औंल्याउनुहुन्छ साथै येशू कस्तो प्रेमिलो हुनुहुन्छ र हामीले उहाँको स्वरुपमा कसरी ढालिनुपर्छ भनेर सिकाउनुहुन्छ।

येशूको निम्ति गवाही दिनु भनेकै पवित्र आत्माले उहाँको महिमा गर्ने काममा हाम्रो सहभागिता हुनु हो। पवित्र आत्माकै शक्ति र उहाँकै अगुवाइमा हाम्रो जीवन कसरी अचम्मका येशूले परिवर्तन गर्नुभयो भनेर हामी गवाही दिन्छौं।

**हामी होइन तर केवल पवित्र आत्माले मात्र मानिसहरूको हृदय येशूतिर फर्काउन सक्नुहुन्छ भन्ने ज्ञान मानिसहरूको माझमा सुनाउने कामलाई किन सधैं सम्झिरहनुपर्छ?**

## २. शक्तिसम्पन्न चर्च

प्रेरितको पुस्तकलाई "पवित्र आत्माको कार्यहरूको विवरण भएको पुस्तक भन्दा उपयुक्त होला। येशूको गवाही दिदा वा सुसमाचारको घोषणागर्ने अभियान र चर्चको बृद्धिमा सुरूका विश्वासीहरू कति साहसी वा सुरा भएका

थिए भन्ने कुरालाई प्रेरितको पुस्तकले मन्त्रमुग्ध तरिकाले वर्णन गरेको पाइन्छ। तिनीहरू बप्तिस्मा लिने बेला खाइने शपथ अनुसार चलेका र परमेश्वरमा समर्पित भएका विश्वासीहरू थिए जो पवित्र आत्माले भरिएका थिए। ती येशूभक्तहरूले ख्रीष्टको निम्ति संसारमा कति प्रभाव पारेका थिए भन्ने कथाहरू यस पुस्तकमा लेखिएका छन्। परमेश्वरको निम्ति जे काम गरेपनि त्यसको उपलब्धी पवित्र आत्मा उपर नै पूरा भरोसा ती येशूभक्तहरूले राखेका थिए। येशूका भक्तहरू जो भएतापनि र तिनीहरूका पेशाहरू जे भएतापनि यदि तिनीहरू परमेश्वरमा समर्पित भए भने तिनीहरूबाट पवित्र आत्माले कति ठूला ठूला कामहरू गर्नुहुदो रहेछ भन्ने ज्वलन्त उदाहरणका कथाहरू नै प्रेरितको पुस्तकमा दिइएको छ।

**देहायका पदहरू पढ्नुहोस् जहाँ तपाईंलाई अत्यन्तै प्रभावित पार्ने कुरो देख्नुहुनेछ। सुसमाचार प्रचारकहरूले जस्तोसुकै जोखिम वा मृत्युको धम्की खेप्नुपरेतापनि सुसमाचारको प्रचारप्रसार झनै द्रुत गतिमा कसरी फैलियो भन्ने कुराको लेखा राख्ने र सोकुरा अरूले पनि थाहा पाओस् भन्ने इच्छा राख्ने यस पुस्तकका लेखक लूकाले हामीलाई के संदेश दिएका छन् ? हेर्नुहोस्, प्रेरित २:३६-४७ ,विशेष गरेर पद ४१ र ४२ "'३६ त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।' ३७ यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले (पत्रुसको भाषण सुन्ने यहूदी जमात) भने, 'ए भाइ हो, हामीले के गर्ने?' ३८ पत्रुसले तिनीहरूलाई भने, 'पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। ३९ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।' ४० अरू धेरै कुराहरूद्वारा उनले तिनीहरूलाई गवाही दिए, र यसो भनेर अर्ती दिए, 'यस दुष्ट पुस्ताबाट तिमीहरूले आफैलाई बचाओ।' ४१ तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्रायः तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए। ४२ तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। ४३ हरेकको हृदयमा भय उत्पन्न भयो, र**

प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए। ४४ विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५ तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। ४६ तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, ४७ र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। *उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।* , प्रेरित ४:१-४, "१ पत्रुस र यूहन्ना मानिसहरूसँग बोल्दै नै थिए, पूजाहारीहरू, मन्दिरका कप्तान र सदुकीहरू तिनीहरूकहाँ आए। २ उनीहरू रिसाएका थिए, किनकि येशूमा पुनरुत्थान हुन्छ भन्ने कुरा तिनीहरूले मानिसहरूलाई सिकाउँदैथिए र घोषणा गर्दैथिए। ३ तब उनीहरूले यिनीहरूलाई पक्रे, र भोलिपल्टसम्म थुनामा राखे, किनभने त्यस बेला साँझ परिसकेको थियो। ४ *तर वचन सुन्नेहरूमध्ये धेरैले नै विश्वास गरे, र विश्वास गर्ने मानिसहरूको संख्या प्रायः पाँच हजार भयो*।, प्रेरित ४:२३-३५ "२३ छुटकारा पाएर तिनीहरू आफ्ना साथीहरूकहाँ आए, र मुख्य पूजाहारीहरू र धर्म-गुरुहरूले भनेका सबै कुराहरू उनीहरूलाई बताइदिए। २४ जब तिनीहरूले यो सुने, तब तिनीहरूले एकसाथ परमेश्वरतिर आफ्ना सोर उचाली भने, 'हे प्रभु, जसले स्वर्ग, पृथ्वी, समुद्र र तिनमा भएका यावत् थोक बनाउनुभयो, २५ जसले पवित्र आत्माद्वारा आफ्ना सेवक हाम्रा पुर्खा दाऊदका मुखबाट भन्नुभयो, 'अन्यजातिहरू किन झोकिए, र मानिसहरूले व्यर्थका कुराहरू किन कल्पना गरे? २६ परमप्रभुको विरुद्धमा र उहाँका अभिषिक्त जनको विरुद्धमा पृथ्वीका राजाहरू खड़ा भए, र शासकहरू एकसाथ भेला भए।' २७ किनभने साँच्चै तपाईंले अभिषेक गर्नुभएका, तपाईंका पवित्र सेवक येशूको विरुद्धमा हेरोद र पन्तियस पिलातस दुवै जना, अन्यजाति र इस्राएलीहरूसँग यसै सहरमा भेला भएका थिए। २८ त्यही गर्नलाई जे तपाईंको बाहुलीबाट र तपाईंको योजनाअनुसार अघिबाटै ठहराइएको थियो। २९ अब हे प्रभु, तिनीहरूका धम्कीमाथि नजर गर्नुहोस्, र तपाईंका दासहरूलाई पूरा साहससित तपाईंको वचन बोल्न दिनुहोस्, ३० र निको पार्नलाई तपाईंले आफ्नो बाहुली फैलाउनुहुँदा, आफ्ना पवित्र सेवक येशूको नाउँद्वारा चिन्ह र आश्चर्य कामहरू होऊन्।' *३१ तिनीहरूले प्रार्थना गरिसकेपछि तिनीहरू भेला भएको ठाउँमा*

*कम्प भयो, र तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र तिनीहरूले साहससित परमेश्वरको वचन बोले*। ३२ विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए। ३३ ती प्रेरितहरूले बड़ो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो। ३४ तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गाजमिन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, ३५ र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे।", प्रेरित ५:१२-१६ "१२ अब प्रेरितहरूका हातबाट धेरै चिन्हहरू र आश्चर्यकर्महरू जनताका बीचमा हुन लागे, र तिनीहरू सबै सोलोमनको दलानमा एकसाथ जम्मा भएका थिए। १३ तर अरूहरूमध्ये कसैको पनि तिनीहरूसँग मिल्न आउने आँट भएन, तैपनि मानिसहरूले तिनीहरूलाई आदर गर्थे। *१४ प्रभुमा विश्वास गर्ने पुरुष र स्त्रीहरू दुवैको भीड झन् बढ़ी थपिन लागे,* १५ यहाँसम्म कि मानिसहरूले सड़क-सड़कमा बिरामीहरूलाई ल्याए, र पत्रुस आउँदा तिनको छाया मात्र भए पनि तिनीहरूमध्ये कोही-कोहीमाथि परोस् भनी ओछ्यान र खाटहरूमा तिनीहरूलाई सुताइराख्थे। १६ यरूशलेमका वरिपरिका सहरहरूबाट पनि धेरै मानिसहरूले बिरामीहरू र अशुद्ध आत्माले सताएकाहरूलाई लिएर आउँथे र ती सबै निको हुन्थे।", प्रेरित ५:२९-४२ "२९ तर पत्रुस र प्रेरितहरूले भने, 'हामीले मानिसहरूको होइन तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ। ३० हाम्रा पिता-पुर्खाका परमेश्वरले येशूलाई मृतकबाट जीवित पार्नुभयो, जसलाई तपाईंहरूले काठमा टाँगेर मार्नुभएको थियो। ३१ परमेश्वरले इस्राएलको पश्चात्तापको लागि र तिनीहरूलाई पापहरूको क्षमा दिन उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो। ३२ यी सबै कुराका हामी साक्षी छौं, र त्यस्तै गरी पवित्र आत्मा पनि, जसलाई परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरूलाई दिनुभएको छ।' ३३ तर जब उनीहरूले यो सुने तब उनीहरू साह्रै रिसाए, र तिनीहरूलाई मार्न खोजे। ३४ तर व्यवस्थाका पण्डित र जनतामा माननीय गमलिएल नाम भएका फरिसीले महासभामा उठेर तिनीहरूलाई केही बेर बाहिर जाने आदेश दिए, ३५ र उनले महासभाका मानिसहरूलाई भने,

'इस्राएली हो, यी मानिसहरूलाई तपाईंहरूले जे गर्न आँट्नुभएको छ, त्यसमा होशियार हुनुहोस्। ३६ किनकि आजभन्दा अघि पनि थूदासले कोही हुँ भन्ने दाबी गऱ्यो र प्रायः चार सय मानिसहरू त्यसको पछि लागे। त्यो मारियो, र त्यसको पछि लाग्नेहरू सबै छरपष्ट भए र सब व्यर्थ भयो। ३७ यस मानिसपछि जनगणनाको समयमा गालीलको यहूदा भन्ने खड़ा भयो, र कतिपय मानिसहरूलाई आफूतिर खिँच्यो। त्यो पनि नष्ट भयो, र त्यसलाई मान्नेहरू यताउता छरिएर गए। ३८ अहिलेको यस मामिलामा म तपाईंहरूलाई भन्दछु, कि यी मानिसहरूबाट अलग्ग बस्नुहोस्, र यिनीहरूलाई छोडिदिनुहोस्, किनकि यिनीहरूको यो योजना अथवा यो काम मानिसहरूबाट रहेछ भने त्यो आफै मेटिनेछ। ३९ तर यदि यो परमेश्वरबाट हो भनेता तपाईंहरूले यसलाई रोक्न सक्नुहुन्न। नत्रता तपाईंहरू परमेश्वरको विरुद्धमा उठेका ठहरिनुहुनेछ।' ४० तब उनीहरूले तिनका सल्लाह माने। अनि उनीहरूले प्रेरितहरूलाई भित्र बोलाएर पिटे, र 'येशूको नाउँमा नबोल्नू' भन्ने आज्ञा दिई तिनीहरूलाई छोडिदिए। ४१ तब येशूको नाउँमा अपमान सहने योग्यका ठहरियौं भन्ने कुरामा आनन्द मनाउँदै तिनीहरू महासभाको उपस्थितिबाट निस्केर गए। ४२ *अनि हरेक दिन तिनीहरूले मन्दिरमा र घर-घरमा गएर येशू नै ख्रीष्ट हुनुहुन्छ भनी सिकाउन र प्रचार गर्न छोड़ेनन्।"* , प्रेरित ६:१-१० "१ ती दिनमा जब चेलाहरूको संख्या बढ्दैगएको थियो, तब हिब्रूहरूका विरुद्धमा ग्रीक-यहूदीहरूले गनगन गरे, किनभने दैनिक खाद्य वितरणमा तिनीहरूका विधवाहरूले चाहिँदो भोजन पाउँदैनथिए। २ तब बाह्रैले चेलाहरूको समूहलाई बोलाएर भने, 'परमेश्वरको वचन प्रचार गर्न छोड़ेर खुवाउने-पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन। ३ यसकारण भाइ हो, तिमीहरू मध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। ४ तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।' ५ यो कुरा समूहका सबैलाई मन पऱ्यो र भेला भएका जम्मैलाई असल लाग्यो, र तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र एन्टिओखियाका यहूदी मत मान्ने निकोलाउसलाई छाने। ६ तिनीहरूले यी मानिसहरूलाई प्रेरितहरूका सामुन्ने ल्याए र प्रेरितहरूले प्रार्थना गरे र यिनीहरूमाथि आफ्ना हात राखे। ७ *परमेश्वरको वचन बढ्दैगयो, र चेलाहरूको संख्या यरूशलेममा*

*अत्यन्तै बढ्यो। पूजाहारीहरूमध्ये धेरै जनाले यस विश्वासलाई ग्रहण गरे।* ८ स्तिफनसले अनुग्रह र शक्तिले पूर्ण भएर मानिसहरूका बीचमा ठूला-ठूला अचम्मका काम र चिन्हहरू गरे। ९ तर कोही-कोहीचाहिँ जो स्वतन्त्र-दलका सभाघरकाहरू (यसको नाम यही थियो), र कुरेनी, अलेक्जेन्ड्रिया, किलिकिया र एशियाका मानिसहरू थिए, तिनीहरूले खड़ा भई स्तिफनससँग वाद-विवाद गर्न लागे। १० तिनी जुन बुद्धिले र आत्माद्वारा बोल्थे, तिनीहरूले त्यसको सामना गर्न सकेनन्।", र प्रेरित १६:१-५ पावल डर्बी र लुस्त्रामा पनि आए। त्यहाँ तिमोथी नाउँ भएका एक जना चेला थिए। तिनी एउटी विश्वासी यहूदी स्त्रीका छोरा थिए, तर तिनका बुबा भने ग्रीक थिए। २ लुस्त्रा र आइकोनियनका भाइहरूमा तिनको नाउँ चलेको थियो। ३ तिनलाई पावलले साथमा लैजान इच्छा गरे। ती ठाउँहरूमा रहने यहूदीहरूका कारणले गर्दा पावलले तिनलाई लगेर खतना गरे। किनकि तिनका बुबा ग्रीक थिए भन्ने उनीहरू सबैलाई थाहा थियो। ४ अब तिनीहरू सहरहरूका बाटो भएर जाँदा तिनीहरूले यरूशलेमका प्रेरितहरू र एल्डरहरूले गरेका निर्णयहरू यिनीहरूलाई पालन गर्नू भनी सुनाइदिए। ५ *यसरी मण्डलीहरू विश्वासमा दह्रिला हुँदै र संख्यामा दिनहुँ बढ्दैगए।"*

सुरूको चर्चमा पवित्र आत्माले परमेश्वरमा समर्पित विश्वासीहरूको माझमा कसरी सक्रिय भएर काम गर्नुभयो सो कुरा पढून् भन्ने प्रेरित पुस्तकका लेखक लूकाको मनशाय थियो।

यो पनि ख्याल गर्नुहोस् कि, पहिलो शताब्दीमा सुसमाचारीय अभियानले गर्दा कतिजना विश्वासीहरू बढे भनेर लूका संख्या गन्न पनि हिचिकिचाएका थिएनन्। त्यसको अर्थ कतिजनाले बप्तिस्मा लिए भनेर पनि गन्दै थिए। एकै दिन र एकै ठाउँमा ३०००ले बप्तिस्मा लिए भनेर प्रेरित २:४१मा उनले उल्लेख गरेका छन् भने प्रेरित ४:४मा ५०००ले बप्तिस्मा लिएर भनेर किटान गरेका छन्। भिडका भिड मानिसहरू प्रभुमा आए र बप्तिस्मा लिए भनेर प्रेरित ५:१४मा लेखिएको छ।

लिडिया, फिलिप्पीको कैदी हाकिम, दुष्ट आत्माले सताएको केटी वा इथियोपियाका नपुंसकको व्यक्तिगत जीवनमा नै किन नहोस्, पवित्र आत्माले तिनीहरूका हृदयहरूलाई कसरी परिचालन गर्नुभयो भनेर लूकाले त्यसको ख्याल राख्दै लेखा राखेका थिए। व्यक्तिगत मानिस होस् वा ठूलो भिड

परमेश्वरको सामु प्रत्येक व्यक्ति परमेश्वरको लागि बालक वा बालिका सरह हुन्। जसको निम्ति येशू मर्नुभयो सो महत्त्वपूर्ण तथ्यलाई हामीले बिर्सनुहुन्न। धेरै धेरै मानिसहरूले येशूलाई विश्वास गरे भनेर संख्याप्रति हाम्रो चासो रहेतापनि आखिरमा सुसमाचार प्रचारको सफलता केवल ठूला ठूला सुसमाचार आयोजनाहरूबाट भन्दा पनि व्यक्तिगत प्रयास र पहुँचले सफलता पाएको कुरालाई हामीले विशेष ध्यानदिनु पर्छ।

सुसमाचार प्रचार गरिए अनुसार नै विश्वासीहरू पनि बढेका कारणले त्यसलाई व्यवस्थित गर्न नयाँ नयाँ चर्चहरू स्थापना गरिएका थिए। सुरूका चर्चहरू स्थापना गर्दा विश्वासीहरूले नयाँ जीवन पाएको अनुभव गरेका थिए। आजको परिप्रेक्ष्यमा पनि यो सन्देशलाई सान्दर्भिक वा महत्त्वपूर्ण मान्नै पर्दछ।

**नयाँ करारको चर्चको मुख्य केन्द्रविन्दु भनेकै सुसमाचार थियो। हामी जो जहाँ भएतापनि हाम्रो लक्ष्य पनि किन अरूलाई परमेश्वरको प्रेम सुनाउने वा गवाही दिने नै हुनुपर्दछ त?**

## ३. पवित्र आत्मा र गवाही

प्रेरितको पुस्तकभरि नै पवित्र आत्मा शक्तिशालीरूपमा सक्रिय हुनुभएको कुरालाई देखाइएको छ। विभिन्न प्रकारले येशूको गवाही दिन उहाँका विश्वासीहरूद्वारा उहाँ सक्रिय बन्नुहुन्छ। विभिन्न प्रतिकूल र विरोधी संस्कार, संस्कृति र मानिसहरूको सामु गवाहीको चुनौति खप्न र सतावटहरूको सामाना गर्न येशूका विश्वासीहरूलाई पवित्र आत्माले बल दिनुहुन्छ। जुन मानिसले देखावटी रूपमा नभई भित्री हृदयदेखि इमान्दारिताकासाथ सत्यको खोजी गर्दथे तिनलाई पवित्र आत्माले अगुवाई गर्नुहुन्थ्यो।येशूले कुनै पनि सहरहरूमा चेलाहरू जानुभन्दा पहिलानै उहाँले पूरा सहरका मानिसहरूका हृदयहरू सत्यलाई अङ्गाल्न पवित्र आत्माद्वारा तयार पार्नुहुन्थ्यो। चेलाहरूले कहिल्यै नसोचेका अवसरका ढोकाहरू पवित्र आत्माले खोलिदिनुभएको थियो ताकि उहाँले तिनीहरूका क्रियाकलापमा तिनीहरूलाई शक्तिसम्पन्न गराउन सक्नुभएकोहोस्।

**देहायका पदहरूमा पवित्र आत्माले चेलाहरूलाई गवाही दिन कसरी सक्रिय गराउनु भएको थियो । ती पदहरूमा पवित्र आत्माले विभिन्न परिस्थितिमा विभिन्न तरिकाहरू अपनाएर चेलाहरूलाई कसरी शक्तिसम्पन्न गराउनुभएको**

थियो? हेर्नुहोस् प्रेरित ७:५४-५६ "५४ जब तिनीहरूले यी कुरा सुने तब तिनीहरू क्रुद्ध भए र रिसले दाह्रा किट्न लागे। ५५ तर तिनले (स्तिफन) चाहिँ पवित्र आत्माले भरिपूर्ण भईकन स्वर्गतिर एकटक लाएर हेरे, र परमेश्वरको महिमा र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देखे। ५६ तिनले भने, 'हेर, स्वर्ग उघ्रेको म देख्छु, र मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको म देख्तछु।'", प्रेरित ११:११-१८ "११ त्यति नै बेला कैसरियाबाट मकहाँ (पत्रुस) पठाइएका तीन जना मानिसहरू हामी बसेको घरमा आइपुगे। १२ नहिचकिचाई तिनीहरूका साथमा जान मलाई पवित्र आत्माले भन्नुभयो। यी छ जना भाइहरू पनि मेरो साथ लागेका थिए, र हामी त्यस मानिसको घरमा पस्यौं। १३ उनले हामीलाई बताए, कि एउटा स्वर्गदूत उनको घरमा उभिएर यसो भनिरहेका उनले देखे, 'योप्पामा मान्छे पठाएर पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ। १४ उनले तिमीलाई वचन सुनाउनेछन्, जसद्वारा तिमीले उद्धार पाउनेछौ, तिमी र तिम्रा सारा परिवारले।' १५ जब मैले बोल्न थालें, तब सुरुमा हामीमाथि ओर्लनुभएकोजस्तै पवित्र आत्मा तिनीहरूमाथि पनि ओर्लनुभयो। १६ तब प्रभुले भन्नुभएको त्यो वचन मलाई याद भयो, 'यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।' १७ प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्दा परमेश्वरले हामीलाई जुन वरदान दिनुभयो, तिनीहरूलाई पनि त्यही वरदान दिनुभएपछि परमेश्वरलाई रोक्न सक्ने म को हुँ र? १८ यी कुरा सुनेपछि तिनीहरू चूप भए, र यसो भन्दै तिनीहरूले परमेश्वरको महिमा गरे, 'अब त परमेश्वरले अन्यजातिहरूलाई पनि जीवनको निम्ति पश्चात्ताप दिनुभएछ।'", प्रेरित १५:२४-२९ "२४ हामीले सुनेका छौं, कि हाम्रा बीचका कुनै-कुनैले हाम्रो आदेशविना नै तपाईंहरूका मन अस्थिर तुल्याएर तपाईंहरूलाई कैयौं कुराले दुःख दिएका छन्। २५ यसकारण हामी सबैले सर्वसम्मतिद्वारा गरेको निर्णयअनुसार कतिपय मानिसहरूलाई चुनेर तिनीहरूलाई हाम्रा प्रिय बारनाबास र पावलका साथमा तपाईंहरूकहाँ पठाउन हामीलाई उचित लाग्यो। २६ यी मानिसहरू यस्ता हुन्, जसले हाम्रा प्रभु येशू ख्रीष्टको खातिर आफ्ना प्राण जोखिममा पारेका छन्। २७ यसकारण हामीले यहूदा र सिलासलाई पठाएका छौं। तिनीहरूले पनि सोही कुराहरू मुखैले बताउनेछन्। २८ *किनभने पवित्र आत्मा र हामीहरूलाई यो उचित लाग्यो, कि यी आवश्यक कुराहरूबाहेक अरू बढ़ी बोझ तपाईंहरूलाई बोकाउनुहुँदैन।* २९

**तपाईंहरू मूर्तिहरूलाई बलि चढ़ाएको थोक, रगत, गला अँठ्याएर मारेको पशुको मासु र व्यभिचारबाट अलग्ग रहनुहोस्। यी कुराहरूबाट अलग्ग रहनुभयो भने असल हुनेछ। बिदा।'", र प्रेरित १६:६-१० "६ पवित्र आत्माबाट एशियामा वचन प्रचार गर्न मनाही भएकोले तिनीहरू फ्रिगिया र गलातियाका इलाकाहरू भएर गए। ७ माइसियाको साँधमा आएपछि तिनीहरूले बिथिनियातर्फ जाने विचार गरे। तर येशूका आत्माले तिनीहरूलाई जान दिनुभएन। ८ तब माइसिया भएर तिनीहरू त्रोआसमा गए। ९ राती पावललाई एउटा दर्शन भयो, 'माकेडोनियाको एक जना मानिस खड़ा भई तिनलाई बिन्ती गरिरहेको थियो, 'माकेडोनिया आउनुहोस्, र हामीलाई सहायता गर्नोस्।' १० जब तिनले यो दर्शन पाए, तुरुन्तै हामी माकेडोनिया जान तयार भयौं। हामीले यो निश्चय गऱ्यौं कि तिनीहरूलाई सुसमाचार प्रचार गर्न परमेश्वरले हामीलाई बोलाउनुभएको रहेछ।"**

प्रथम शताब्दीमा पवित्र आत्मा विभिन्न तरिकाले कसरी सक्रिय हुनुभयो। साँच्चै भन्नुपर्दा त्यो अत्यन्तै अचम्मको विषय थियो। माथि उल्लेख गरिएका विषयहरू उदाहरण मात्रै हुन्। धर्मको नाउँमा निर्दयी भएका र सम्हाल्नै नसकिने भिडले **स्टिफनसलाई** ढुङ्गाको वर्षा गराएतापनि स्टिफनलाई प्रभुको निम्ति गवाही दिन पवित्र आत्माले शक्ति दिनुभएको थियो। अफ्रिका महादेशको इथियोपिया देशमा सत्यको खोजिगर्ने प्रतिष्ठित अर्थमन्त्रीकहाँ फिलिपलाई पठाउन पवित्र आत्माले अचम्म तरिकाले अह्राउनुभएको थियो। यसले पूरै अफ्रिकी महादेशभरि नै सुसमाचारको निम्ति ढोका खोलेको थियो। अयहूदी वा अन्य जाति वा विदेशी भनेर तिरस्कृत विश्वासीहरूमाझ पनि पवित्र आत्मा खनिनुहुदा परमेश्वर केवल यहूदी जातिको मात्र नभई सबैको हुनुहुन्छ भनेर स्वीकार्न पत्रुसलाई पवित्र आत्माले नै राजी गराउनुभएको थियो। यदि कुनै अन्य जातिले इसाई हुन चाहेमा उसको खतना गर्नुपर्छ र यहूदी धर्म संस्कार अपनाएरमात्र प्रवेश दिनुपर्छ भनेर चर्चमा ठूलो विवाद भएको थियो। जसले चर्च नै टुक्रिने अवस्थामा पुर्याएको थियो। तर पवित्र आत्माले चर्चका सबै विश्वासीहरूलाई भेला गराउनुभएर तिनीहरूलाई एकताको सुत्रमा बाँध्नुभयो। पावलले युरोपमा सुसमाचार प्रचार होस् भनेर पवित्र आत्माले नै पावलको निम्ति ढोका खोल्नुभएको थियो। नयाँ करारको चर्चमा पवित्र आत्मा सक्रिय हुनुहुन्थ्यो भने अहिले पनि चर्चको जीवनमा उहाँ सक्रिय हुनुहुन्छ र

भइरहन चाहनुहुन्छ। हामीलाई शक्तिसम्पन्न गराउन, बल दिन, सिकाउन, अगुवाइ गर्न, एकताको सुत्रमा बाँध्न र संसारमा महत्त्वपूर्ण संदेशहरू सुनाउन हामीलाई पठाउन उहाँ अत्यन्तै इच्छुक हुनुहुन्छ। हामीबाट नै पुरुष र स्त्रीहरू येशू र सत्यतिर डोरिऊन् भन्ने पवित्र आत्माको चाहना छ। हामीले यो बुझ्न जरूरी छ कि उहाँ अहिले पनि सक्रिय हुनुहुन्छ र हामीद्वारा आज पनि उहाँले काम गरिरहनुभएको छ। उहाँ प्रेरित र सुरूको चर्चमा सक्रिय हुनुहुने हिजोकोमात्र पवित्र आत्मा हुनुहुन्न तर आज पनि उहाँ सक्रिय हुनुहुन्छ र परमेश्वरप्रति इमान्दारिताका साथ आस्थावान् उहाँका जनहरूमा उहाँ सक्रिय हुन चाहनुहुन्छ।

**हाम्रो जीवनलाई पवित्र आत्माले अझ शक्तिसम्पन्न गराउन र सुसमाचारको ढोका खोलिदिनका लागि हामी दैनिक रूपमा के गर्न सक्छौं? हामीले कस्ता साहसिक निर्णयहरू गर्न आवश्यक छ जसले उहाँद्वारा हामीमार्फत महान् कार्य सम्पन्न हुन सकोस्?**

## ४. पवित्र आत्मा, परमेश्वरका वचन र गवाहीहरू

गवाही दिने कार्यमा नयाँ करारको चर्चको केन्द्रविन्दु परमेश्वरको वचन थियो। पेन्टिकोस्टको समयमा पत्रुसले भाषण गर्दा हजारौं मानिसहरूले सुनिरहेका थिए। उनले आफ्नो भाषणमा येशू ख्रीष्ट नै मसीह हुनुहुन्छ भन्ने ठूलो प्रमाण पुरानो करारबाटै दिएका थिए। आफू मारिनु भन्दा पहिले स्टिफनसले आफ्नो गवाही दिदा उनले पुरानो करारकै इस्राएली इतिहासको समीक्षा प्रस्तुत गरेका थिए। "परमेश्वरको वचन इस्राएलका सन्तानहरूकहाँ पठाइएको थियो" भनेर पत्रुसले भनेका थिए र रोमी सिपाहींको हाकिम कर्णेलियससँग येशूको पुनरुत्थानको बारेमा सुनाएका थिए (प्रेरित १०:३६ रूपान्तरित)। येशू मसीहको आगमनको बारेमा पुरानो करारमा उल्लेख गरिएको भविष्यवाणी प्रेरित पावलले बारम्बार सम्बोधन गरेका थिए। इथियोपियाको अर्थ मन्त्री जो यशैया ५३ पढ्दै थिए उनलाई त्यही अध्यायबाट येशूको जीवनको बारेमा फिलिपले खुलस्त पारेका थिए। प्रत्येक पटक येशूका चेलाहरूले सुमाचारको बारेमा जानकारी दिंदा आफ्नो बोलीबाट होइन पुरानो करारमा लेखिएको परमेश्वरको वचनलाई नै उदधृत गरेका थिए। पवित्र

आत्माद्वारा प्रेरित वचन नै तिनीहरूको सुसमाचार सुनाउने अधिकारको आधार थियो।

देहायका केही पदहरू पढ्नुहोस्। ती पदहरूले नयाँ करारको चर्चले दिने गवाहीमा पवित्र आत्मा र परमेश्वरको वचन वा पुरानो करारबीच रहेको सम्न्धका विषयमा हामीलाई कसरी सिकाउँदछ? हेर्नुहोस्, प्रेरित ४:१-४ "१ पत्रुस र यूहन्ना मानिसहरूसँग बोल्दै नै थिए, पूजाहारीहरू, मन्दिरका कप्तान र सदुकीहरू तिनीहरूकहाँ आए। २ उनीहरू रिसाएका थिए, किनकि येशूमा पुनरुत्थान हुन्छ भन्ने कुरा तिनीहरूले मानिसहरूलाई सिकाउँदैथिए र घोषणा गर्दैथिए। ३ तब उनीहरूले यिनीहरूलाई पक्रे, र भोलिपल्टसम्म थुनामा राखे, किनभने त्यस बेला साँझ परिसकेको थियो। ४ तर वचन सुन्नेहरूमध्ये धेरैले नै विश्वास गरे, र विश्वास गर्ने मानिसहरूको संख्या प्रायः पाँच हजार भयो।", प्रेरित ४:२७-३१ "२७ किनभने साँच्चै तपाईंले अभिषेक गर्नुभएका, तपाईंका पवित्र सेवक येशूको विरुद्धमा हेरोद र पन्तियस पिलातस दुवै जना, अन्यजाति र इस्राएलीहरूसँग यसै सहरमा भेला भएका थिए। २८ त्यही गर्नलाई जे तपाईंको बाहुलीबाट र तपाईंको योजनाअनुसार अघिबाटै ठहराइएको थियो। २९ अब हे प्रभु, तिनीहरूका धम्कीमाथि नजर गर्नुहोस्, र तपाईंका दासहरूलाई पूरा साहससित तपाईंको वचन बोल्न दिनुहोस्, ३० र निको पार्नलाई तपाईंले आफ्नो बाहुली फैलाउनुहुँदा, आफ्ना पवित्र सेवक येशूको नाउँद्वारा चिन्ह र आश्चर्य कामहरू होऊन्।" ३१ तिनीहरूले प्रार्थना गरिसकेपछि तिनीहरू भेला भएको ठाउँमा कम्प भयो, र तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र तिनीहरूले साहससित परमेश्वरको वचन बोले।", प्रेरित १३:४८-५२ "४८ जब अन्यजातिहरूले यी कुरा सुने, तिनीहरू खुशी भए, र परमेश्वरको वचनको प्रशंसा गरे, र अनन्त जीवनको लागि नियुक्त भएकाहरू जतिले विश्वास गरे। ४९ प्रभुको वचन सबै इलाकाभरि फैलियो। ५० तर पावल र बारनाबासका विरुद्ध यहूदीहरूले भक्त र प्रतिष्ठित स्त्रीहरू र सहरका मुख्य-मुख्य मानिसहरूलाई उक्साए, र उनीहरूलाई आफ्नो साँधसिमाना बाहिर कटाइदिए। ५१ तर उनीहरूचाहिँ आफ्ना खुट्टाको धुलो तिनीहरूका विरुद्धमा टकटक्याएर, आइकोनियनमा आए। ५२ चेलाहरू आनन्द र पवित्र आत्माले परिपूर्ण भए।", प्रेरित १७:१-४ "१ पावल र सिलास अम्फिपोलिस र अपोल्लोनियाको बाटो भएर थेसलोनिकेमा आए। त्यहाँ यहूदीहरूको एउटा सभाघर थियो। २ पावल

आफ्नो आदतअनुसार तिनीहरूकहाँ भित्र गए, र तीन सातासम्म धर्मशास्त्रबाट तिनीहरूसँग बहस गर्दैरहे। ३ 'ख्रीष्टलाई अवश्य दुःख भोग्नु र मृतकबाट जीवित हुनुपर्थ्यो, र यी नै येशू, जसको सुसमाचार म तपाईंहरूलाई सुनाउँछु, उहाँ नै ख्रीष्ट हुनुहुन्छ' भन्ने कुराको अर्थ खोलिकन तिनले प्रमाणित गरिदिए। ४ तिनीहरूमध्ये कति जना विश्वास गरेर पावल र सिलासतर्फ लागे। ठूलो संख्यामा ईश्वरभक्त ग्रीकहरू र कतिपय प्रमुख महिलाहरू पनि लागेका थिए।" र प्रेरित १८:२४-२८ "२४ अलेक्जेन्ड्रिया-निवासी अपोल्लोस नाउँका एक जना यहूदी एफिससमा आए। तिनी एक जना कुशल वक्ता र धर्मशास्त्रमा पोख्त थिए। २५ तिनले प्रभुका मार्गको शिक्षा पाएका थिए, र आत्मामा उत्साहित भई तिनले येशूका विषयका कुराहरू ठीक-ठीकसँग बोल्ने र सिकाउने गर्थे। यद्यपि तिनले यूहन्नाको बप्तिस्मा मात्र जानेका थिए। २६ तिनी सभाघरमा साहसपूर्वक बोल्न थाले। तर तिनले बोलेका कुरा सुनेर प्रिस्किला र अकिलासले तिनलाई आफ्नो घरमा ल्याए, र परमेश्वरका मार्गको अर्थ झन् प्रष्टसँग बुझाइदिए। २७ तिनले अखैयामा जाने मन गर्दा भाइहरूले तिनलाई त्यहाँ जाने प्रोत्साहन दिए, र तिनलाई ग्रहण गरून् भनी त्यहाँका चेलाहरूलाई उत्साह दिएर पत्र लेखे। तिनले त्यहाँ पुगेर अनुग्रहद्वारा विश्वास गर्नेहरूलाई धेरै सहायता गरे। २८ किनकि तिनले धर्मशास्त्रका वचनद्वारा येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा देखाईकन यहूदीहरूलाई सबैका सामुन्ने बिलकुल निरुत्तर तुल्याए।"

त्यही पवित्र आत्मा जसले परमेश्वरको वचन लेख्न प्रेरणा दिनुभयो र उहाँले नै मानिसहरूको जीवन परिवर्तन गर्न परमेश्वरको वचनलाई प्रयोग गर्नुहुन्छ। परमेश्वरको वचनमा जीवन दिने शक्ति छ किनभने पवित्र आत्माद्वारा दिइने वचन येशू ख्रीष्टको जीवित वचन हो।

**परमेश्वरको वचन किन शक्तिशाली र मानिसहरूको जीवन परिवर्तन गर्ने खालको छ? हेर्नुहोस्, २ पत्रुस १:१९-२१ "१९ हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ। २० सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। २१ किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको**

**तर्फबाट बोलेका हुन्।" र हिब्रू ४:१२ "किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ।"**

**"यस संसारको** अस्तित्वलाई स्थापना गर्ने सृजनात्मक उर्जा परमेश्वरको वचनमा छ। वचनले विश्वासीलाई शक्ति सम्पन्न गराउँछ। यसले जीवन उत्पादन गर्दछ। हरेक आदेश हाम्रो निम्ति प्रतिज्ञा हो। यदि हामीले हाम्रै इच्छाले यसलाई ग्रहण गर्‍यौं र हाम्रै आत्माले यसलाई आत्मसात् गर्‍यौं भने जीवन दिनुहुने अनन्तका परमेश्वरसँग हामी गाँसिरहेका हुनेछौं। मानिसहरूको स्वभावलाई परमेश्वरको वचनले आमूल परिवर्तन गर्दछ र उसलाई परमेश्वरको स्वरुपमा पुनःसृष्टि गराइदिन्छ।"-एलेन जी ह्वाइट, *एजुकेशन* पृ १२६बाट रूपान्तरित।

बाइबलले मानिसहरूको जीवन परिवर्तन गर्न किन शक्ति दिन्छ भने जुन पवित्र आत्माले बाइबल लेख्न प्रेरणा दिनुभयो त्यही पवित्र आत्माले हामीलाई बाइबल पढ्दा हाम्रो जीवन परिवर्तन गर्न प्रेरणा दिनुहुन्छ। जब हामी अरूलाई परमेश्वरको वचन सुनाउँछौं तब पवित्र आत्माको प्रेरणाद्वारा लेखिएको बाइबलबाट वचन सुन्नेको जीवन परिवर्तन गर्न पवित्र आत्माले नै काम गर्नुहुन्छ। याद गर्नुहोस्, हाम्रा वचन वा बोलीहरू होइनन् तर उहाँको वचनलाई आशिष दिन परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ। शक्ति परमेश्वरको वचनमा छ मानिसहरूको तर्क, अनुमान, दर्शन र विद्यामा होइन।

## ५. मानिसको जीवन परिवर्तन गर्ने शक्ति, पवित्र आत्मा

यदि हामीले प्रेरितको पुस्तक ध्यान दिएर अध्ययन गर्‍यौं भने परमेश्वरले पवित्र आत्माद्वारा अनेकौं अचम्मका कामहरूद्वारा मानिसको जीवनमा कसरी काम गरिरहनुभएको छ सो हामी भेट्टाउनेछौं। मानिसको दिमागमा कोरिएका कुनै पनि धर्म, संस्कृति, राष्ट्र, जात, वर्णप्रति पूर्वाग्रह नराखि बरू तिनीहरूबाट माथि उचलिएर मानिसहरूको पूरा जीवन नै आमूल परिवर्तन भएको ज्वलन्त उदाहरणहरू प्रेरितको पुस्तकमा पाइन्छ। सानैदेखि लागेको बानीलाई परिवर्तन गर्न नचाहने मानिसहरूको मनस्थिति वा शिक्षामा चासो नराख्ने मानिसहरूलाई सुसमाचारको शक्तिले ती बानीहरू वा अशिक्षित भइरहने

चाहनालाई परिवर्तन गरेको थियो। येशूको अनुग्रह र सत्यताले तिनीहरूको आत्मा र मानसिकता परिवर्तन भएको थियो। मानिस जहाँ छ त्यहीं उसलाई पवित्र आत्मा भेट्नुहुन्छ, तर उहाँले तिनीहरूलाई त्यतिकै छोड्नुहुन्न। उहाँको उपस्थितिमा तिनीहरू परिवर्तन हुन्छन्। तिनीहरूको जीवनशैली होस् वा सोचबिचार पवित्र आत्माले पूरै परिवर्तन वा नयाँ जीवन दिनुहुन्छ।

**देहायका पदहरूमा केही मानिसहरूको आत्मपरिवर्तन कसरी भयो भनेर उल्लेख गरिएको छ। मानिसहरू जुनसुकै पृष्ठभूमिबाट आएका भएतापनि यदि तिनीहरू परमेश्वरतिर फर्कन राजी भएको खण्डमा तिनीहरूलाई परिवर्तन गर्ने शक्ति परमेश्वरसँग छ भनेर प्रेरितको पुस्तकमा दिइएका केही विवरणहरूले भन्दछ हेर्नुहोस्। प्रेरित १६:१-३४ "१ पावल डर्बी र लुस्त्रामा पनि आए। त्यहाँ तिमोथी नाउँ भएका एक जना चेला थिए। तिनी एउटी विश्वासी यहूदी स्त्रीका छोरा थिए, तर तिनका बुबा भने ग्रीक थिए। २ लुस्त्रा र आइकोनियनका भाइहरूमा तिनको नाउँ चलेको थियो। ३ तिनलाई पावलले साथमा लैजान इच्छा गरे। ती ठाउँहरूमा रहने यहूदीहरूका कारणले गर्दा पावलले तिनलाई लगेर खतना गरे। किनकि तिनका बुबा ग्रीक थिए भन्ने उनीहरू सबैलाई थाहा थियो। ४ अब तिनीहरू सहरहरूका बाटो भएर जाँदा तिनीहरूले यरूशलेमका प्रेरितहरू र एल्डरहरूले गरेका निर्णयहरू यिनीहरूलाई पालन गर्नू भनी सुनाइदिए। ५ यसरी मण्डलीहरू विश्वासमा दह्रिला हुँदै र संख्यामा दिनहुँ बढ्दैगए। ६ पवित्र आत्माबाट एशियामा वचन प्रचार गर्न मनाही भएकोले तिनीहरू फ्रिगिया र गलातियाका इलाकाहरू भएर गए। ७ माइसियाको साँधमा आएपछि तिनीहरूले बिथिनियातर्फ जाने विचार गरे। तर येशूका आत्माले तिनीहरूलाई जान दिनुभएन। ८ तब माइसिया भएर तिनीहरू त्रोआसमा गए। ९ राती पावललाई एउटा दर्शन भयो, माकेडोनियाको एक जना मानिस खड़ा भई तिनलाई बिन्ती गरिरहेको थियो, 'माकेडोनिया आउनुहोस्, र हामीलाई सहायता गर्नोस्।' १० जब तिनले यो दर्शन पाए, तुरुन्तै हामी माकेडोनिया जान तयार भयौं। हामीले यो निश्चय गऱ्यौं कि तिनीहरूलाई सुसमाचार प्रचार गर्न परमेश्वरले हामीलाई बोलाउनुभएको रहेछ। ११ तब हामीहरू त्रोआसबाट जहाजमा चढ़ी सोझै सामोथ्राकेतिर गयौं, र भोलिपल्ट नियापोलिसमा आइपुग्यौं, १२ र त्यहाँबाट फिलिप्पीमा आइपुग्यौं, जो माकेडोनियाको प्रमुख सहर र रोमी उपनिवेश पनि हो। हामी त्यस सहरमा केही दिन बस्यौं। १३ अब शबाथमा**

सहरको ढोकाबाट बाहिर नदी किनारमा गयौं, किनकि त्यहाँ प्रार्थना गर्ने ठाउँ
छ भनी हामीले अनुमान लगाएका थियौं, र त्यहाँ हामी बस्यौं र जम्मा भएका
स्त्रीहरूसँग बातचित गर्न लाग्यौं। १४ अनि थिआटीरा सहरकी निवासी, बैजनी
वस्त्रको व्यापार गर्ने लिडिया नाउँकी एउटी ईश्वरभक्त स्त्रीले हाम्रा वचन
सुनिन्। पावलले बोलेका कुरा ध्यानसँग सुनून् भनेर प्रभुले तिनको हृदय
खोलिदिनुभयो। १५ जब तिनी र तिनका घरका सबैको बप्तिस्मा भयो, तब
तिनले हामीलाई बिन्ती गरिन्, 'यदि तपाईंहरूले मलाई प्रभुकी विश्वासीनी
ठान्नुहुन्छ भने मेरो घरमा आएर बस्नुहोस्।' र तिनले हामीलाई कर लगाइन्।
१६ जब हामी प्रार्थना गर्ने ठाउँमा गइरहेका थियौं, तब जोखना हेर्ने आत्मा
भएकी एउटी कमारी केटीसँग हाम्रो भेट भयो, जसले जोखना हेरेर त्यसका
मालिकहरूका निम्ति धेरै कमाइ गरिदिन्थी। १७ त्यो पावल र हाम्रा पछिपछि
लागी, र यसो भन्दै चिच्च्याई, 'यी मानिसहरू सर्वोच्च परमेश्वरका सेवकहरू
हुन्। यिनीहरूले तिमीहरूलाई मुक्तिका बाटोको घोषणा गर्छन्।' १८ त्यसले
धेरै दिनसम्म यसो गरिरही। तब पावलले झिजो मानेर फनक्क फर्की त्यस
दुष्टात्मालाई भने, 'येशू ख्रीष्टको नाउँमा म तँलाई त्यसबाट निस्कने आज्ञा
गर्दछु।' अनि त्यो दुष्टात्मा त्यही घड़ी निस्किहाल्यो। १९ तर त्यसका
मालिकहरूले तिनीहरूका कमाइका आशा विफल भएको देखेर पावल र
सिलासलाई समातेर बजारको चोकमा शासकहरूकहाँ तान्दै लगे। २० अनि
तिनीहरूलाई सहरका हाकिमहरूकहाँ ल्याएर भने, 'यी मानिसहरू यहूदी हुन्,
यिनीहरूले हाम्रो सहरमा गोलमाल मच्चाउँछन्। २१ यिनीहरूले यस्ता-यस्ता
प्रथाहरू सिकाउँछन् जो हामी रोमीहरूलाई ग्रहण गर्न वा पालन गर्न न्यायसङ्गत
छैन।' २२ तब भीड़हरू मिलेर तिनीहरूमाथि जाइलागे। सहरका हाकिमहरूले
तिनीहरूका वस्त्र च्यातेर फालिदिए, र तिनीहरूलाई छड़ी लगाउने आज्ञा दिए।
२३ उनीहरूले तिनीहरूलाई निकै छड़ी लगाएपछि तिनीहरूलाई झ्यालखानमा
हालिदिए, र झ्यालखानका हाकिमलाई यी कैदीहरूलाई कड़ा निगरानीमा राख्ने
हुकुम दिए। २४ यस्तो हुकुम पाएर उनले तिनीहरूलाई झ्यालखानको भित्री
भागमा लगी तिनीहरूका खुट्टामा ठिँगुरो ठोकेर राखिदिए। २५ तर आधा
राततिर पावल र सिलास प्रार्थना गर्दै परमेश्वरका भजन गाइरहेका थिए, र अरू
कैदीहरूले सो सुनिरहेका थिए। २६ तब एक्कासि एउटा ठूलो भैंचालो गयो, र
झ्यालखानका जगहरू हल्लिए, र तुरुन्तै जम्मै ढोकाहरू उघ्रिए, र सबैका

बन्धनहरू खुले। २७ झ्यालखानका हाकिम निद्राबाट ब्यूँझे, र झ्यालखानका
ढोकाहरू उघ्रेका देखेर कैदीहरू सबै भागिसके भन्ठानेर उनले अपहत्या गर्ने
विचारले आफ्नो तरवार थुते। २८ तर पावलले चर्को सोरले यसो भन्दै कराए,
'तपाईंले आफूलाई केही नोक्सानी नगर्नुहोस्, किनकि हामी सबै यहीं छौं।' २९
तब बत्ती मागेर उनी हामफाल्दै भित्र आए, र डरले काम्दै पावल र सिलासका
अगाडि घोप्टो परे। ३० तिनीहरूलाई बाहिर ल्याएर उनले भने, 'उद्धार
पाउनलाई मैले के गर्नुपर्छ?

३१ अनि तिनीहरूले भने, 'प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र
तपाईंले उद्धार पाउनुहुनेछ, तपाईं र तपाईंका परिवारले।' ३२ तिनीहरूले
उनलाई र उनको घरमा भएका जति सबैलाई प्रभुको वचन सुनाए। ३३ तब
रातको त्यही घड़ी उनले तिनीहरूलाई लगेर घाउ धोइदिए। अनि उनी र उनका
परिवारले तुरुन्तै बप्तिस्मा लिए। ३४ त्यसपछि तिनीहरूलाई घरमा ल्याएर
तिनीहरूका सामने भोजन राखिदिए, र परमेश्वरमा विश्वास गरे भन्ने कुरामा
उनका सारा परिवारसँग उनी आनन्दित भए।" र प्रेरित १७:२२-३४ "२२
पावलले अरियोपागसको बीचमा खड़ा भएर भने, 'एथेन्सका मानिस हो,
तपाईंहरूलाई म सब कुरामा अति धर्मानुरागी देख्तछु, २३ किनकि घुमफिर
गर्दैजाँदा तपाईंहरूले पुज्ने वस्तुहरू मैले देखे। मैले एउटा यस्तो वेदी पनि भेट्टाएँ
जसमा 'अज्ञात देवताको निम्ति' भन्ने खोपिएको रहेछ। यसैले जसलाई तपाईंहरू
नजानिकन पुज्नुहुन्छ उनलाई म तपाईंहरूका माझमा घोषणा गर्दछु। २४
'परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग
र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न, २५
उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा
हुनुपर्छ भनी नसोच्नुहोस्। किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज
दिनुहुन्छ। २६ उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक
जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो,
२७ तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई
भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा
हुनुहुन्न। २८ किनभने 'हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र
उहाँमा हाम्रो अस्तित्व छ।' तपाईंहरूका आफ्नै कविहरूले पनि भनेका छन्,
'हामी निश्चय उहाँकै सन्तान हौं।' २९ तब हामी परमेश्वरका सन्तान भएका

हुनाले, परमेश्वर सुन, चाँदी वा पत्थरजस्तै हो भनी हामीले ठान्नुहुँदैन' यिनीहरूचाहिँ मान्छेका कला र कल्पनाका प्रतिरूप मात्र हुन्। ३० यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ। ३१ किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ। उनलाई मृतकबाट जीवित पार्नुभएर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ।' ३२ जब तिनीहरूले मृतकबाट जीवित हुने विषयमा सुने, तब कसै-कसैले गिल्ला गरे। तर अरूहरूले चाहिँ 'हामी फेरि यस विषयमा तिम्रा कुरा सुन्नेछौं' भने। ३३ त्यसपछि पावल तिनीहरूका बीचबाट गए। ३४ तर कोही मानिसहरू तिनका साथ लागे, अनि विश्वास गरे। तिनीहरूमध्ये अरियोपागसका डियनुसियस, दामारिस नाउँ भएकी एउटी स्त्री, र अरूहरू पनि थिए।" र प्रेरित १८:१-११ "१ त्यसपछि तिनी एथेन्सबाट बिदा भएर कोरिन्थमा गए। २ तिनले पोन्टस-निवासी अकिलास नाउँ भएका एक जना यहूदीलाई भेटे। तिनी आफ्नी पत्नी प्रिस्किलासँग इटालियाबाट आएका थिए, किनकि सम्राट् क्लौडियसले सबै यहूदीहरूलाई रोमबाट निस्किजाने आज्ञा दिएका थिए। पावल उनीहरूलाई भेट्न गए। ३ एकै पेशाका हुनाले तिनी पनि उनीहरूसँगै बसे, र काम गरे। किनकि उनीहरूको पेशा पाल बनाउने थियो। ४ हरेक शबाथमा तिनी सभाघरमा बहस गर्थे, र यहूदी र ग्रीकहरूलाई बुझाउने प्रयत्न गर्थे। ५ जब सिलास र तिमोथी माकेडोनियाबाट आइपुगे, पावल वचनको प्रचारमा व्यस्त थिए, र यहूदीहरूलाई येशू नै ख्रीष्ट हुनुहुन्छ भनी तिनले शिक्षा दिँदैथिए। ६ तर जब उनीहरूले विरोध गरेर तिनको निन्दा गर्न लागे, तब तिनले आफ्नो लुगा टकटक्याएर उनीहरूलाई भने, 'तिमीहरूको रगत तिमीहरूकै थाप्लोमा परोस्, म निर्दोष छु। अब उप्रान्त म अन्यजातिहरूकहाँ जानेछु।' ७ तब तिनी त्यहाँबाट परमेश्वरको भक्ति गर्ने तीतस युस्तस नाउँ भएका मानिसको घरमा गए। उनको घर सभाघरको छेवैमा थियो। ८ सभाघरका शासक क्रिस्पसले सपरिवार प्रभुमा विश्वास गरे, र कोरिन्थीहरूमध्ये पनि धेरैले पावलका वचन सुनेर विश्वास गरे, र बप्तिस्मा लिए। ९ एक रात दर्शनमा प्रभुले पावललाई भन्नुभयो, 'नडराऊ, तर बोल्दैजाऊ, र चूप नलाग, १० किनकि म तिम्रो साथ छु, र कसैले तिमीलाई आक्रमण गरेर हानि गर्न सक्नेछैन, किनकि यस सहरमा मेरा धेरै

**मानिसहरू छन्।' ११ अनि परमेश्वरको वचन सिकाउँदै पावल एक वर्ष छ महिनासम्म तिनीहरूसँग बसे।"**

माथि उल्लेख गरिएका पात्रहरू अचम्म खालका मानिसहरू थिए। लिडिया भन्ने अत्यन्तै सफल र सम्पन्न यहूदी व्यापारी महिला थिइन्, र फिलिपको झ्यालखानाका हाकिम मध्यमवर्गको रोमी सरकारी कर्मचारी थिए। समाजका सबै वर्गहरूमा पवित्र आत्मा पुग्न सक्नुहुन्छ। मानिसहरूलाई परिवर्तन गर्ने उहाँको शक्ति सबैतिर छ, चाहे तिनीहरू पुरुष होऊन् वा महिला, चाहे धनी होऊन् वा गरिब, शिक्षित वा अशिक्षित नै किन नहुन्।

माथि दिइएको विवरणमा अन्तिम दुई पात्रहरू अत्यन्तै उल्लेखनीय छन्। तिनीहरूमध्ये अरियोपागसका डियनुसियस, दामारिस नाउँ भएकी एउटी स्त्री थिइन् जसले येशूलाई विश्वास गर्न पुगेकी थिइन्। बाइबलको समयमा अथेनियाको अरियोपागस न्यायधिसहरूको एक समूह थियो जसले मुद्दामामिलाहरू हेर्दथ्यो। तिनीहरू ग्रीक समाजका प्रतिष्ठित र गन्यमान्य व्यक्तिहरू थिए।

पवित्र आत्माको शक्तिले प्रेरित पावलले समाजको उच्च वर्गहरूलाई पनि सुसमाचार प्रचार गरेका थिए। क्रिस्पस (प्रेरित १८:८) यहूदी सिनिगग अर्थात् धार्मिक मन्दिरको हाकिम थिए। यहूदी धर्मको पुरानो करारका विद्वान् थिए। यहूदीहरूको सोचबिचारको वारेमा उनलाई थाहा थियो। पवित्र आत्माले उनको जीवनमा पसेर उनको जीवनलाई नै परिवर्तन गरिदिनुभयो। ती सबै वयानहरूले हामीलाई यो सिकाउँदछ कि जब हामी येशूको निम्ति गवाही बन्छौं र उहाँका वचनहरू अरूलाई बाँड्छौं तब पवित्र आत्माले उल्लेखनीय कामहरू गर्नुहुन्छ। समाजका विभिन्न पृष्ठभूमि भएका मानिसहरू, समाजका संस्कार वा संस्कृतिमा उच्च स्थान पाएका मानिसहरू, शिक्षित वा अशिक्षित वर्गका मानिसहरू र विभिन्न धर्मप्रति आस्था राख्ने मानिसहरूले यदि सत्यप्रति आकर्षित हुन चाहे भने तिनीहरूलाई पवित्र आत्माले परिवर्तन गर्न सक्नुहुन्छ। कसकहाँ जानुपर्छ, कसकहाँ जानु पर्दैन वा कसलाई सुसमाचार सुनाउनुपर्छ र कसलाई पर्दैन भनेर हामीले कहिल्यै पनि अनुमान गर्नुहुन्न। हाम्रो काम भनेको हाम्रो सम्पर्कमा आएका मानिसलाई येशूको गवाही दिने हो। बाँकी काम प्रभुले नै गर्नुहुन्छ।

येशूको मृत्यु कुनै निश्चित जाति, धर्म वा राष्ट्रको निम्ति नभएर समस्त मानव जातिको निम्ति हो। मानिसहरू जहाँ जोसुकै भएतापनि वा जहिले भएतापनि सुसमाचार सुन्न पाउनु तिनीहरूको नैसर्गिक अधिकार हो। यस निर्णायक ज्ञानले कुनैपनि मानिस मुक्ति पाउनुबाट बञ्चित हुनुहुँदैन भन्ने कुरा हामीलाई कसरी सिकाउँदछ?

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित, *द आक्टस् अभ आपोस्टल्सको* पृ.४७-५६को "द गिफ्ट अभ द स्पिरित" र *द डिजाएर अभ एजेजको* पृ. ६६७-६७२को "लेट नट योर हर्ट बी ट्रोबुल्ड।"**

मानिसलाई मुक्तिको बाटोमा ल्याउन पवित्र आत्माले परमेश्वर पिता र परमेश्वर पुत्रसँग मिलेर काम गर्नुहुन्छ। जब हामी कुनै पनि गवाही दिने कार्यमा समावेश हुन्छौं तब हामी मानिसलाई मुक्ति दिने काममा पवित्र आत्मासँग हातेमालो गरिरहेका हुन्छौं। उहाँले नै मानिसका हृदयहरूलाई मनाउनुहुन्छ। उहाँले मानिसहरूको निम्ति अवसरका ढोकाहरू खोलिदिनुहुन्छ। उहाँको वचनले मानिसको दिमागमा बत्ती बालिदिन्छ र सत्यलाई प्रकट गरिदिन्छ। धर्म, जात, वर्ण, वर्ग, देशी विदेशी भनेर मानिसहरूप्रतिको भेदभाव वा पूर्वाग्रहको दासत्वबाट उहाँले हामीलाई स्वतन्त्र पार्नुहुन्छ। संस्कार, संस्कृति, रहनसहन आदिको नाउँमा सत्यलाई धुमिल पार्ने वा कालो चस्माले हेर्ने बानीलाई उहाँले पखालिदिनुहुन्छ र पाप तथा दुष्टतालाई पालिराख्ने मानवीय खराविको वन्धनबाट उहाँ हामीलाई मुक्त गर्नुहुन्छ।

जब हामी येशूको निम्ति गवाही दिन्छौं तब हामी पवित्र आत्मासँग हातेमालो गरिरहेका हुन्छौं भन्ने कुरा सम्झनु ज्यादै महत्त्वपूर्ण छ। अन्यथा हाम्रो गवाहीद्वारा कसैले येशूलाई ग्रहण गर्न पुग्यो भने पनि हामी अभिमानी हुनपुग्छौं र त्यसको जस हामी आफै लिन पुग्छौं (कतिपय अगुवा वा पास्टरहरू मैले गर्दा यति मानिसहरू इसाई भए भनेर जस लिन खोज्छन्)। मानिसका हृदयहरूलाई पवित्र आत्माले नै तयार पारिरहनु भएको हुन्छ ।जबकि हामी सुसमाचारको सन्देश लिएर जादा मानिस त्यो सन्देश सुन्न तयार हुन्छ। सुसमाचार सुनाउने कार्यक्रममा भाग लिन, सत्यले भरिएको पर्चा बाँड्न, बाइबल अध्ययन गर्न, हाम्रो गवाही दिन र कसैप्रति दया वा करुणा देखाउन

हाम्रो दिमागलाई उहाँले नै चलाइरहनुभएको हुन्छ। हाम्रो सम्पर्कमा आएका व्यक्तिबाट हामी अलग भएपनि पवित्र आत्माले नै उसको हृदयमा काम गरिरहनुभएको हुन्छ। उसलाई मुक्तिको आत्मज्ञानतर्फ डोर्याउन पवित्र आत्माले नै उसको मनमा घचघच्याँई रहनुहुन्छ।

**चिन्तनमनन्:**

अ. जब तपाईं अरूलाई गवाही दिँदै हुनुहुन्थ्यो त्यसबेला पवित्र आत्माले तपाईंसँग शक्तिशालीरूपमा काम गरिरहनुभएको आभास् तपाईंले पाउनुभएको छ?

आ. तपाईंको विश्वासका विषयहरू अरूलाई बाँड्न तपाईं कहिल्यै डराउनु वा हिचकिचाउनुभएको छ? त्यसवेला हामीमा पवित्र आत्माले काम गरिरहनु भएको हुन्छ भन्ने आत्मज्ञानद्वारा त्यस खालको डरलाई कसरी हटाउन सकिन्छ?

इ. यस अध्यायमा पवित्र आत्माको भूमिकाको बिषयमा चर्चा गर्‍यौं। हाम्रो गवाही दिने प्रयत्नमा पवित्र आत्माले हामीबाट काम गर्न कस्ता विभिन्न उपायहरू अपनाउनुहुन्छ त्यस विषयमा चिन्तनमनन् गर्नुहोस्। जब हामी अरूलाई गवाही दिन्छौं तब अरूको जीवनलाई परिवर्तन गर्न पवित्र आत्माले हामीलाई कसरी सक्षम् बनाउनुहुन्छ?

ई. गवाहीको केन्द्रविन्दु बाइबल नै हुनुपर्छ भनेर हामीले यस अध्यायमा चर्चा गर्‍यौं। हाम्रो विश्वास अर्थात् आस्थाको निम्ति गवाही दिनु बाइबल अत्यन्तै निर्णायक तत्व वा औजार किन हुनुपर्छ? बाइबललाई विश्वास गर्ने हामी सबैले यसको आधिकारिकता र यसको प्रभावलाई पन्छाउने मानिसहरूको धरापबाट कसरी उम्कने?

## कथा ५

## लगातार देखिएका चार सपनाहरू

**-आन्ड्र्यु मेकचेस्नी**



जब अब्राहम किटा बिहान तीन बजे उठे त्यसवेला उनले पहिलो सपना देखिसकेका थिए। उनी पश्चिम अफ्रिकाको गिनी भन्ने क्षेत्रको बुफा गाउँमा थिए। त्यस दिन बिहान उनले प्रार्थना गर्न आफ्नो कोठा बाहिर आँगनमा गुन्द्री ओछ्याएका थिए। "म ४० वर्षको भइसकें। मेरो श्रीमती पनि छैन, सन्तान पनि छैन, काम पनि छैन र पैसा पनि छैन। मलाई सहयोग गर्नुहोस्। म अरूको निम्ति अगमवक्ता हुन चाहन्छु ताकि मद्वारा तपाईंसँग अरू मानिसहरूले कुरा गर्न सकून्" अब्राहमले प्रार्थना गरे।

जब उनले प्रार्थना गरे तब हावा चल्न थाल्यो। उनले आफूलाई कमजोर भएको महसुस गरे र त्यही गुन्द्रीमा उनी निदाए। अनि अचानक कसैले घचघच्याएको उनले महसुस गरे र यस्तो भनेको सुने, "बाबु, तिमी भित्र जाऊ र तिम्रो ओछ्यानमा सुत।"

केही मिनेटपछि उनले आफूलाई आफ्नै ओछ्यानमा सुतिरहेका भेट्टाए। त्यसबेला उनले फेरि सपना देखे। त्यस सपनामा आगोको जस्तो आँखा भएका मानिसहरू उनकहाँ आए। आफूलाई आक्रमण गर्न आएको जस्तो अब्राहमलाई लाग्यो। डरले भयभित भएर अब्राहले सोधे, "तपाईं को हुनुहुन्छ?" "म येशू ख्रीष्ट हुँ" सपनामा देखिएका ती मानिसले जवाफ दिए।

**भोलिपल्ट** बिहान अब के होला भनेर अब्राहम सोच्न थाले।

अर्को रात उनले फेरि सपना देखे। पहिलो सपनामा देखेकै मानिस उनले फेरि देखे। त्यसबेला त्यहाँ अग्लो पहाडको बाटोमा दुई जना मानिस हिँडिरहेका थिए।

**तेस्रो रात** अब्राहमले फेरि अर्को सपना देखे। त्यसबेला उनले आफू कामको खोजिमा रहेको सपना देखे र येशूले कामको निम्ति मानिसहरू भर्ना गर्दै हुनुहुन्थ्यो। येशू टेबुलमा बसिरहनुभएको अब्राहमले देखे। उहाँले मानिसहरूका नाउँहरू लेख्दै हुनुहुन्थ्यो।

**चौथो रात,** अब्राहमले येशूलाई एटलान्टिक समुद्रको पानीमा उभिरहनुभएको देखे। उनले येशूलाई हेरे र येशूले पनि उनलाई हेर्नुभयो।

त्यो सपना देखेको तीन वर्ष पछि अब्राहम गिनीको राजधानी कन्क्रिमा सरे। त्यसबेला उनल] घर निर्माण गर्ने काम पाए।एक दिन उनी आफ्नो कामबाट फर्कदै थिए उनले ग्लोबल मिशन पायोनियर ट्रान्कुल फासिनाडुनोलाई बाटोमा भेटे।

"सञ्चै? म इसाई हुँ। के तपाईँ मेरो चर्चमा आउन सक्नुहुन्छ?" ट्रान्कुलले सोधे।

"म तपाईँको चर्चमा कसरी आउन सक्छु र? म अर्कै धर्मको मानिस। तपाईँ के भनिरहनुभएको हो त्यो  म बुझ्दिन पनि" अब्राहमले जवाफ दिए।

तर जब अब्राहम घर फर्किए उनले सपनामा येशूलाई देखेको कुरा सम्झे। त्यसपछि उनले ग्लोबल मिशन पायोनियरको चर्चमा जाने निर्णय गरे। त्यहाँ के हुँदो रहेछ सो उनी जान्न चाहान्थे।

चर्चमा उनलाई सबैले न्यानो स्वागत गरे र उनले जे सुने त्यो उनलाई मन पर्‍यो। उनी प्रत्येक साबथ चर्चमा गए र पछि उनले आफ्नो हृदय येशूलाई सुम्पिए।

-------------------------------------------------------------------

*आज, ४८ वर्षीय अब्राहम किटा गिनीको सेभेन्थ-डे एडभेन्टिस्ट मुख्य कार्यालयका चौकिदार हुनुहुन्छ जो नजिकैको स्कुलको रेखदेख पनि गर्नुहुन्छ। अबको १३ औं साबथ स्कूलको उब्रिएको भेटीको भाग कोनाक्रीमा भएको स्कूललाई ठूलो बनाउन सहयोग मिल्नेछ। "मेरो सपनाले मलाई येशूतिर खिच्यो। अहिले म उहाँसँग हिँड्दैछु। म येशूसँग यात्रा गर्दैछु" खुशी हुदै अब्राहमले यी लेखकलाई सुनाए।*